कन्सोर्टियम-नेपाल
Consortium Nepal

**बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह**

# मासिक कार्यसम्पादन पत्र

**अक्टुबर, २०२४**

**वर्ष : ३, अंक : १०**

## अक्टुबर २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १. राष्ट्रिय कार्यशाला सम्पन्न




२४ देखि २६ अक्टुबर २०२४ : कसोर्टियम नेपालको आयोजनामा राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ । यस कार्यशालामा सातै प्रदेशबाट राष्ट्रिय बाल पैरवी परिषद सदस्यहरुले सक्रिय सहभागिता जनाएका थिए। राष्ट्रिय बाल परिषद सदस्यहरुको क्षमता विकास गर्ने लक्ष्य राख्दै यस कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालामा गुनासो सुनुवाई संयन्त्र, बाल मानव अधिकार रक्षक तथा जलवायु परिवर्तन सम्बन्धि विभिन्न विषयमा अभिमुखीकरण सत्र संचालन गरिएको थियो ।

### १.१ गुनासो सुनुवाई संयन्त्र सम्बन्धि कार्यशाला सम्पन्न



२४ अक्टुबर २०२४ कसोर्टियम नेपालको आयोजनामा गुनासो सुनुवाई संयन्त्र सम्बन्धि कार्यशाला सम्पन्न भएको छ । उक्त सत्रका क्रममा बालबालिकाहरुलाई गुनासो सुनुवाई समिति तथा गुनासो सुनुवाई रिपोर्टिङको बारेमा चर्चा गरिएको थियो । यस सत्रको सहजीकरण कसोर्टियम नेपालका पुर्व अध्यक्ष किरण थापा र कसोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले गर्नु भएको थियो । प्रस्तुतिको क्रममा थापाले विद्यालयमा गठन गरिने गुनासो समितिको उद्देश्यहरू माथि चर्चा गर्नु भएको थियो । यसै सन्दर्भमा विद्यालय हाताभित्र, विद्यालय आउँदा जाँदा र समुदायमा बालबालिकामाथि हुने वा हुन सक्ने भेदभाव, भावनात्मक तथा यौनदुर्व्यवहार, शोषण, लैंगिक हिंसा, शारीरिक वा मानसिक दण्डसजाय, बुलिंग लगायतका जोखिमको निर्धारित संयन्त्र, विधि र प्रक्रिया अनुरुप न्यूनीकरण गर्नु, विद्यालयको शिक्षण-सिकाइ एवम् भौतिक वातावरणलाई लैङ्गिक तथा बाल-मैत्री बनाई शैक्षिक गुणस्तर बढाउन सघाउनु, गुनासो सुनुवाई कार्यविधि लागु गर्न विद्यालय, संयन्त्र एवम् सम्बन्धित निकाय समेतको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्नु जस्ता उद्देश्यहरूको बारेमा बताउनु भएको थियो । यस सत्रको निरन्तरता गर्दै बालबालिकालाई



गुनासो पेटिका सम्बन्धी व्यवस्था, गुनासो सुनुवाई समितिको गठन, गुनासो सुन्ने शिक्षकको काम कर्तव्य र अधिकार, गुनासो सुनुवाइ समितिको काम, कर्तव्य र अधिकार, गुनासो सुनुवाइ समितिको समितिको बैठक तथा विद्यालयको प्रधानाध्यापकको भूमिका बारेमा जानकारी प्रदान गरिएको थियो ।




यस्तै कार्यक्रमको अर्को सत्रमा गुनासो सुनुवाई रिपोर्टिङको बारेमा नेपालको अध्यक्ष सन्तोष महर्जनले चर्चा गरिएको थियो । गुनासो सुनुवाई रिपोर्टिङको बारेमा चौमासिक तथा वार्षिक रूपमा प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने, वार्षिक प्रतिवेदनको सारांश बनाई विद्यालयको सूचनापाटी तथा वेवसाइटमा सार्वजनिक गर्ने, गुनासोको रिपोर्टिङ तथा प्रतिवेदन सार्वजनिक गर्दा गोपनीयता कायम गर्ने, बालसंरक्षण तथा लैङ्गिक हिंसा रोकथाम विद्यार्थी-कार्यदलको विवरण, वर्षभरि परेका गुनासा, समाधान भएका गुनासा, समाधान नभएका गुनासाहरू र समाधान नहुनुको कारण तथा भएका प्रयास आदि बारे प्रतिवेदनमा उल्लेख गर्ने जस्ता जानकारीहरुको बारेमा उल्लेख गर्नु भएको थियो । उहाले विद्यालयमा गुनासो सुनुवाइ सम्बन्धी वार्षिक प्रतिवेदनको ढाँचा, नियमित अनुगमन, अनुगमन सँगै गुनासो पेटिका तथा गुनासो सुनुवाइ संयन्त्रबाट प्राप्त गुनासा, समस्या तथा सुझावहरूको अध्ययन गर्नु पर्ने विषयलाई जोड्नुभएको थियो ।

## १.२. बाल मानव अधिकार रक्षकसम्बन्धी अभिमुखीकरण कार्यशाला सम्पन्न



२५ अक्टुबर २०२४ कन्सोर्टियम नेपालको आयोजनामा भक्तपुरस्थित नगरकोटमा बाल अधिकार रक्षकसम्बन्धी तीनदिने राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ । सातै प्रदेशका बाल प्रतिनिधिहरु सम्मिलित राष्ट्रिय बाल पैरवी परिषद्मा आवद्ध बाल मानव अधिकार रक्षकहरुको समूहको उपस्थितिमा उक्त कार्यशाला सम्पन्न भएको हो ।

कार्यशालाको सहजीकरणको नेतृत्व राष्ट्रिय बाल अधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक मिलन धरेलले गरेका थिए भने कार्यशालामा अन्य बाल अधिकारकर्मी तथा अभियन्ताहरु र पूर्वबाल क्लब अभियन्ताहरुबाट पनि सहजीकारण भएको थियो । कार्यशालामा बालबालिका पनि मानव अधिकार रक्षक हुन सक्ने विषयमा चर्चा गरिएको थियो । छलफललाई थप गर्दै धरेलले मानव अधिकारको कार्यान्वयन गर्न कानूनी र नीतीगत सम्मान, प्रवर्द्धन र अनुगमनको विषयमा काम गर्नुपर्ने बताए । उपस्थित बालबालिकाले बाल मानव अधिकार रक्षकले पनि काम गर्ने क्षेत्र यही रहेको विषयमा जोड दिएका थिए ।



कार्यशालामा बाल मानव अधिकार भनेको के हो ? मानव अधिकार रक्षक को हुन सक्छन् ? बाल मानव अधिकार रक्षक को हुन सक्छन् ? बाल मानव अधिकार रक्षकहरुको भूमिका के-के हुन सक्छ ? जस्ता विषयहरुमा बृहत् छलफल गरिएको थियो । सो अवसरमा बाल मानव अधिकार रक्षकहरुको भेला आयोजना गरी बाल मानव अधिकार रक्षकहरुको तर्फबाट पैरवी कार्यलाई व्यापक बनाउने प्रतिबद्धतासमेत जनाइएको छ । यस कार्यशालाको क्रममा बालबालिकाहरुले आफ्नो समुदायमा रहेको बालबालिकाको सवालहरुलाई समेटेर वार्षिक कार्ययोजना तयार गरेका थिए ।

## १.३. बालबालिका विषेश कोप र राष्ट्रिय निर्धारित योगदान सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न



Youth Alliance for Environment र शिफ्ट अभियानको नेतृत्वमा बालबालिका विषेश कोप र राष्ट्रिय निर्धारित योगदान सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । यस कार्यक्रम मार्फत बालबालिकाहरूलाई राष्ट्रिय निर्धारित योगदानमा बालबालिकाहरुको भूमिका प्रष्ट पर्दै जलवायु परिवर्तनका विषयमा वकालतमा संलग्न हुन सशक्त बनाउनु रहेको थियो ।

तालिममा जलवायु परिवर्तनका आधारभूत विषयहरु , CoP / UNFCCC प्रक्रियासँग सम्बन्धित जानकारीहरु लगायत राष्ट्रिय निर्धारित योगदानको विषय समेटेर प्रस्तुत गरिएको थियो। यसका साथै विश्वका विभिन्न भागमा आयोजित ऋयए अन्तर्गत तयार पारिएका प्रोटोकल र उद्देश्यहरू आदान प्रदान गरिएको थियो। थप जानकारी दिदै , जलवायु परिवर्तनका प्रभावहरू, अनुकूलनका लागि रणनीतिहरू, न्यूनीकरणका विधिहरू, र बालबालिकाहरूलाई यी अवधारणाहरू बुझ्न मद्दत गर्न नेपालको सन्दर्भमा सान्दर्भिक उदाहरणहरू प्रयोग गरी जलवायु लचिलोपनलाई सुदृढ गर्ने बारे छलफलहरू समावेश गरिएको थियो । कार्यक्रमलाई निरन्तरता दिदै तेस्रो परिमार्जित NDC को लागी बालबालिकाहरुबाट दृष्टिकोण केहि जानकारीहरु लिदै बालबालिकाहरुलाई कसरी संलग्न गर्न सकिन्छ र COP मा परिदृश्य र छलफल बालबालिकाहरुका सवाल हरुलाई समेटेर कसरि अगाडी लैजान सकिन्छ भन्ने कुरा माथि छलफल गरियो ।

## २. राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुको नियमित बैठक सम्पन्न



राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुको नियमित बैठक सम्पन्न भएको छ। यस बैठकमा सदस्यहरुले विभिन्न विषयहरुमा छलफल गरेका थिए । उक्त छलफलका क्रममा राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरुले विभिन्न कार्य योजना समेत तयार गरेका थिए । जस्तै नियमित बैठकलाइ निरन्तरता दिने, जुम कल मार्फत बाल कल्याण अधिकारी संग अन्तरक्रिया कार्यक्रम पालैपालो सबै प्रदेशमा संचालन गर्ने तथा सुझाव

पेटिकाको नियमित अनुगमन गरि स्थिति बुझेर प्रतिवेदन तयार पार्ने जस्ता छलफलहरु गरिएको थियो ।

## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १. बाल गृहलाई एक दिन खाना, नाना र छाना अभियान उद्घाटन तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न

संखुवासभा जिल्ला खाँदबारी सदरमुकाममा रहेको मकालु त्रिशक्ती समुह नेपाल माट्स नेपालले मिति २०८१ असोज ८ गते जिल्ला समन्वय समिती संखुवासभाको हलमा बाल गृहलाई एक दिन खाना, नाना र छाना अभियान उद्घाटन तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

संस्था द्वारा संचालित बाल कल्याण गृह संचालन तथा व्यवस्थापनका लागि बाल गृहलाई एक दिन खाना,नाना र छाना अभियन संचालन गर्न लागिएकोले उक्त अभियानको विधिवत उद्घाटन गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथी सहायक प्रमुख जिल्ला अधिकारी तथा कार्यवाहक प्रमुख जिल्ला अधिकारी श्री मोहनमणी घिमिरे ज्युले अभियानको विधिवत् उद्घान गर्नु भएको थियो । सोही कार्यक्रमा वडा दशै, तिहार एवं छठ २०८१ को शुभकामना समेत आदानप्रदान गरीएको थियो । कार्यक्रममा बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ विराटनगरका समन्वय अधिकृत सुमन अधिकारी, नयाँ भैरवी दल गुल्मका मेजर मुकुन्द प्रसाद न्यौपाने विशिष्ट अतिथी, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक राम प्रसाद लामिछाने, शिक्षा विकास इकाइ संखुवासभाका इकाइ प्रमुख गोपालमान भण्डारी, पत्रकार महासंघ संखुवासभाका अध्यक्ष इन्द्र गिरी, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधीहरु, पत्रकार तथा समाजसेवीहरुको अतिथीको रुपमा उपस्थिती रहेको थियो ।

कार्यक्रममा बोल्ने क्रममा विशिष्ट अतिथीहरु तथा अतिथीहरुले अभियान तथा वडा दशै, तिहार एवं छठ २०८१ को शुभकामना समेत व्यक्त गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य संस्थाका सदस्य तथा प्रवक्ता अनिष विष्टले राख्नु भएको थियो . कार्यक्रम संस्थाका उपाध्यक्ष तथा बाल गृहलाई एक दिन खाना,नाना र छाना अभियन संचालन संयोजन समितीका संयोजक मुकेश मुदेलको सभापतित्वमा सम्पन्न भएको थियो भने कार्यक्रम संस्थाका सचिव ध्रुव खड्काले संचालन गर्नु भएको थियो ।




## बधाई तथा शुभकामना






बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM-NEPAL)

हार्दिक बधाई

कन्सोर्टियम नेपालको सदस्य संस्था स्वान नेपालको संस्थापक एवं बाल अधिकार अभियन्ता उर्मिला चौधरीले 'ग्लोबल एन्टी रेसिजम च्याम्पियनसिप अवार्ड' प्राप्त गर्नु भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छौ । सीमान्तकृत जात र जातीय समुदायहरूको मानव अधिकार प्रवर्द्धनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै, प्रणालीगत विभेद र जातिवादको विरुद्ध उहाँले पुर्याउनुभएको योगदान सधैं प्रेरणादायी रहनेछ ।

उहाँको यो सम्मानले कन्सोर्टियम नेपाल परिवार, बाल अधिकारकर्मी तथा मानव अधिकार रक्षकहरुलाई हर्षित बनाएको छ । यस अवार्डले अझ बढी मानव अधिकार र समाजीक न्यायको क्षेत्रमा क्रियाशिल भईरहन उत्प्रेरणा मिलोस् र तपाईंकै नेतृत्वमा समानता र न्यायका अभियानहरू सफलतापूर्वक अघि बढिरहुन् भन्ने कामना गर्दछौं ।

शुभकामना सहित,

सन्तोष महर्जन
अध्यक्ष

अनिता पाण्डे
महासचिव

मिति: २०८१ कार्तिक ९ गते

बाल सहभागिता : संविधानदेखि व्यवहारसम्म
Consortium-Nepal Secretariat, Buddhanagar, Kathmandu-10, Kathmandu, Nepal
Phone No: +977-1-4791327, E.Mail: participation.consortium@gmail.com, URL: www.consortium.org.np




## आंम संचारमा कन्सोर्टियम नेपाल




## हार्दिक श्रद्धाञ्जली



DAO Registration No. 131-2070
SWC Affiliation No. 37795

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम नेपाल)
CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD PARTICIPATION (CONSORTIUM NEPAL)

हार्दिक श्रद्धाञ्जली

स्व सुक्लाक्षी थेबे

( जन्म २०१०/ ०२/ ०४, स्वर्गारोहण २०८१/ ०६/ १७ )

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम नेपाल) को कार्यसमिति सदस्य रुद्र थेबेको ममतामयी आमा सुक्लाक्षी थेबेको २०८१ साल असोज १७ गतेका दिन भएको अकल्पनीय निधनले हामी मर्माहित भएका छौं ।

यस दु:खद घडिमा शोकाकुल परिवारजन प्रति भावपूर्ण समवेदना प्रकट गर्दै धैर्यधारण गर्ने शक्ति मिलोस भन्ने कामना सहित दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

सन्तोष महर्जन
अध्यक्ष
एवम् कन्सोर्टियम नेपाल परिवार

बाल सहभागिता : संविधानदेखि व्यवहारसम्म
Consortium-Nepal Secretariat, PragatiMarga, Sankhamul, Kathmandu-10, Kathmandu, Nepal
Phone No: +977-1-4791327, E.Mail: participation.consortium@gmail.com, URL: www.consortium.org.np

## कन्सोर्टियम नेपालले अक्टुबर २०२४- मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क्र.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | 28th October 2024: मानव अधिकार क्षेत्रमा क्रियाशील मानव अधिकार संघ संस्थाका चुनौती, समस्या र समाधानको उपाय सम्बन्धमा छलफल कार्यक्रम | NHRC |
| २ | 29th October 2024: Children's Dialogue with Government Delegates: First Global Ministerial Conference on Ending Violence Against Children | NACG |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल

**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल** बुद्धनगर, काठमाडौँ

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com